# फिक्कल गाउँपालिका

## खाङ्गसाङ्ग, सिन्धुली

### बागमती प्रदेश, नेपाल

**स्थानीय राजपत्र**

**खण्डः९ संख्याः२ मितिः २०८२/०३/०३**

**भागः २**


## बालकोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८२

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०३/०३**

**प्रमाणित मितिः२०८२/०३/०३**

**प्रस्तावनाः**

फिक्कल गाउँपालिका भित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय बालकोषको स्थापना गर्न बान्छनीय भएकोले,

फिक्कल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्तनाम र प्रारम्भः–**

क) यो कार्यविधिको नाम "**बालकोष (स्थापना तथा संचालन) कार्यविधि, २०८२**" रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–**

क) **“कोष”**भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम स्थापना भएको बालकोष सम्झनुपर्दछ ।

ख) **“गाउँ कार्यपालिका”** भन्नाले फिक्कल गाउँपालिका, सिन्धुलीलाई सम्झनु पर्दछ ।

ग) **“आपतकालीन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका”**भन्नाले कार्यविधिको दफा ९ बमोजिमको बालबालिकालाई सम्झनु पर्दछ ।

घ) **“संचालक समिति”**भन्नाले कार्यविधिको दफा ४ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

**३. कोषको स्थापनाः–**

१) जोखिम अवस्थामा रहेका वा आपतकालीन अवस्थामा रहेका गाउँपालिका भित्रका बालबालिकाको संरक्षण गर्न गाउँपालिकामा बालकोष रहने छ ।

२) बालकोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) गाउँपालिकाले विनियोजन गरेको रकम,

ख) विभिन्न संघ–संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ग) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

घ) फिक्कल गाउँपालिकाको बाल बचत कोष संचालन कार्यविधि, २०८१ को परिच्छेद ३ बमोजिमको बाल बचत खाताको रकम ।

**४. संचालक समितिको गठनः–** कोषको ब्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको संचालक समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष – संयोजक

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) सामाजिक विकास समिति संयोजक – सदस्य

ङ) बाल समुह/संजालको अध्यक्ष - सदस्य

च) बालबालिकाको क्षेत्रमा कार्यरत संघ/संस्थामध्येबाट संयोजकले मनोनित गरेको एक जना-सदस्य

छ) सामाजिक विकास शाखा प्रमुख/बालबालिका शाखा प्रमुख/बालकल्याण अधिकारी-सदस्य सचिव

५. **बालकोष संचालक समितिको काम कर्तव्य र अधिकारः**–संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) आपतकालीन अवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुर्नमिलन गर्ने गराउने,

ख) सहयोगको आवश्यक्ता र उपलब्ध स्रोतको आधारमा सहयोग गर्ने,

ग) बालमैत्री स्थानीय शासन गाउँसमिति र कार्यपालिकाले दिएको उचित निर्देशन पालना गर्ने

घ) प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण कार्यपालिकामा पेश गर्ने

ड.) कोषको आय–व्ययको विवरण अद्यावधिक गर्ने

च) कोषको बृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने, प्रत्येक बर्ष कोषमा रकम थप गर्ने ।

छ) आपतकालीन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,

ज) संचालक समितिले गरेको आय–व्ययको विवरण गाउँ कार्यपालिकामा पेश गर्ने ।

झ) कोषको बृद्धिमा सहयोग गर्ने संघ/संस्था वा ब्यक्तिको विवरण अद्यावधिक गर्ने,

६. **बालकोष संचालक समितिले गर्न नहुने कामहरुः**– संचालक समितिले देहायका काम गर्न गराउनु हुदैन ।

क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न ।

ख) तालिम, गोष्ठी वा अन्य साधारण कार्यक्रममा रकम खर्च गर्न ।

ग) आपतकालीन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

७. **संचालक समितिको बैठकः**– आपतकालीन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि बालमैत्री स्थानीय शासन गाउँ समिति, बालमैत्री स्थानीय शासन वडा समिति, गाउँ बालअधिकार समिति तथा वडा बाल अधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको बैठक देहाय बमोजिम बस्नेछ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार बस्नेछ ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा गाउँपालिका उपाध्यक्षले गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य–सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थान बालमैत्री स्थानीय शासन गाउँ सम्पर्क शाखामा रहनेछ ।

८. **लेखा परीक्षणः**–कोषको लेखापरीक्षओ नियमानुसार गराउनुपर्नेछ ।

९. **आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः**–१) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,

२) जोखिमपूर्ण निकृष्ट श्रममा संलग्न रहेका बालबालिका,

३) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका,

४) शारीरिक वा मानसिक यातनावा भेदभाव जस्ता र्दुब्यवहारबाट पिडित बालबालिका,

५) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवीप्रकोपमा परेका बालबालिका,

६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले बेवारिसे भएका बालबालिका,

७)यौनशोषण, यौन र्दुब्यवहार, बेचविखन वा ओसार पसारमा परेका बालबालिका,

८) हिंसाबाट प्रभावित एवं पिडित भएका बालबालिका,

९) बाबु आमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका बालबालिका,

१०) अपांङ्गता भएका बालबालिका,

११) सुस्त मनस्थिति भएका बालबालिका,

१२) अपहरण वा शरिर बन्धकमा परेका बालबालिका,

१३) सडक बालबालिका,

१४) एच. आई. भि. एड्स संक्रमित भएका बालबालिका,

१५) अन्य बिशेष संरक्षणको आवस्यकता भै गाउँबालअधिकार समितिले तोकेका बालबालिका

१६) लागू औषध दुर्व्यसनीबाट पीडित बालबालिका

**१०.निवेदनदिन सक्ने**ः– यस कार्यविधिको दफा ९ मा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आफ्नो परिचय खुल्ने गरी बालमैत्री स्थानीय शासन वडा समिति, वडा बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन गाउँसमिति,

गाउँ बाल अधिकार समितिमा बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

**११.खाताको सञ्चालन :–** बालकोषको रकम गाउँपालिकाको विविध कोष (ग-५)अन्तर्गत रहने छ। संचालक समितिको निर्णयानुसार कोषको रकम खर्च गरिनेछ ।

**१२.कोष खारेज हुन सक्ने अवस्था :–** कुनै कारणबस कोष सञ्चालन गर्ने आवश्यक नभएमा पर्याप्त कारणहरु सहित गाउँ कार्यपालिका, सञ्चालक समिति, बालमैत्री स्थानीय शासन गाउँ समिति तथा गाउँ बाल अधिकार समितिको संयुक्त निर्णयले खारेज गर्न सकिने छ र कोष खारेज भएमा कोषमा रहेको रकम गाउँपालिकाको संचित कोषमा स्वतः हस्तानान्तरण हुनेछ ।

**१३.**

**आज्ञाले**

**डम्बरबहादुर रजनमगर**

**प्रमुख प्रशासकीय अधिकृत**